प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।**

सार्वजनिक निकायलेः
- अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

सूचना मागकर्तालेः
- सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौ,
- प्राप्त सूचनाको सदुपयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ३३० ॥ २०८१ माघ ११ गते शुक्रबार (24th Jan 2025 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

## सामान्य निहुँमा पूर्वमुख्यमन्त्री थापा विवादमा
# मुक्का प्रहार गर्नेहरु धरौटीमा छुटे



झापा(प्रस) । पूर्वमुख्यमन्त्री उद्धव थापामाथि विद्युत प्राधिकरणका कर्मचारीहरुले गरेको आक्रमणप्रति मिश्रित प्रतिक्रिया पाइएको छ । कसैले पूर्वमुख्यमन्त्री एवम् नेपाली कांग्रेसका प्रदेश सभापति थापाको गल्ती बताएका छन् भने कसैले विद्युत कर्मचारीहरुको अराजकता भनेका छन् ।

यद्यपि सानो निहुँमा ठूलो दुर्घटना हुनबाट जोगिएको छ । एक प्रहरी अधिकृतका अनुसार त्यो सानो निहुँमा थापासँगै गाडीमा रहेका पीएसओ (सुरक्षाकर्मी)ले संयमता नअपनाएको भए ठूलो दुर्घटना हुने थियो । तर, त्यस्तो हुनबाट जोगिएको छ । त्यति सानो कुरामा आक्रमण हुनेगरी विवादलाई नबढाउँदा उचित हुन्थ्यो भनेर धेरैले प्रतिक्रिया दिएका छन् । थापा सवार गाडीले ट्रकलाई उछिनेर जान खोज्दा विद्युत प्राधिकरणको गाडीले समेत ओभरटेक गरेर जान खोजेको बताइएको छ । त्यही क्रममा विवाद भएको थियो ।


यसैबीच पूर्वमुख्यमन्त्री थापामाथि मुक्का हान्ने विद्युत प्राधिकरणका कर्मचारीहरु धरौटीमा छुटेका छन् ।

अभद्र व्यवहार गरेको आरोपमा प्रहरीले मुद्धा दायर गरेका उनीहरु जिल्ला प्रशासन कार्यालयको आदेशमा रिहा भएका हुन् । नेपाल विद्युत प्राधिकरण सुरुङ्गाका कर्मचारीहरु शिवसताक्षी ११ का ४९ वर्षीय भक्तबहादुर कटवाल र कन्काई ३ का ४२ वर्षीय पृथ्वी श्रेष्ठसंग प्रमुख जिल्ला अधिकारी गोपाल अधिकारीले बयान लिएपछि सामान्य धरौटीमा छुटेका हुन् । उनीहरुलाई जनही ५-५ हजार रुपैयाँ धरौटी लिएर छोडिएको प्रमुख जिल्ला अधिकारी गोपाल अधिकारीले जानकारी दिए ।

अभद्र व्यवहार गरेको कसूरमा माघ ६ गते इलाका प्रहरी कार्यालय बिर्तामोडले ३ दिनको म्याद लिएर उनीहरुमाथि मुद्धा दायर गरेको थियो ।

पूर्वमुख्यमन्त्री तथा कांग्रेस नेता थापामाथि माघ ५ गते साँझ कुटपिट भएको थियो ।नेपाल प्रेस युनियन झापाले दोमुखामा आयोजना गरेको बार्षिक साधारण सभाबाट फर्किदै गर्दा साँझ करिव ७ बजे कन्काई नगरपालिकाको जुकेखाडी कल्भर्टनजिक थापामाथि उनीहरुले मुक्का हानेका थिए । बा १ झ ६५३ नं को गाडीमा घर फर्किदै गरेका अर्जुनधारा ७ निवासी थापामाथि बा १ ञ १८७० मा सवार विद्युत प्राधिकरण सुरुङ्गाका ती कर्मचारीहरुले कुटपिट गरेका थिए । कुटपिटबाट थापा घाइते भएका थिए । उनको देब्रे आँखा सुन्निएको थियो ।उनलाई उपचारका लागि बिर्तासिटी अस्पतालमा भर्ना गरिएको थियो ।

## बिर्तामोडमा अढाई करोडको गायत्री मन्दिर निर्माण



बिर्तामोड(प्रस)। झापाको बिर्तामोडमा अढाई करोड रुपैयाँको लागतमा गायत्री माताको मन्दिर निर्माण भएको छ । बिर्तामोड - ५ स्थित अग्रसेन भवन दक्षिणपट्टि स्थानीय दानवीर, कोशी प्रदेश सरकार र बिर्तामोड नगरपालिकाको संयुक्त लगानीमा गायत्री माताको मन्दिर निर्माण गरिएको हो । सो मन्दिर २०८० साल जेठ १७ गतेबाट निर्माण शुरु भएको थियो । मन्दिर निर्माण भएसंगै बिर्तामोड नगरपालिकामा पहिलो पटक गायत्री माताको पाँच दिवसीय अनुष्ठानका साथ प्राण प्रतिष्ठा गर्न लागिएको छ । यही माघ २१ गते मन्दिर उद्घाटनसंगै गायत्री माताको विधिपूर्वक प्राण प्रतिष्ठा गरिने गायत्री मन्दिर सेवा समितिका कार्यक्रम संयोजक रौनक वंशलले जानकारी दिए । कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले माताको प्राण प्रतिष्ठा गर्ने कार्यक्रम तय भएको कार्यक्रम संयोजक वंशलले बताए । माताको प्राण प्रतिष्ठा गर्नुअघि मन्दिर परिसरबाट निकालिने शोभायात्राले बिर्तामोड नगर परिक्रमा गर्ने कार्यक्रम रहेको छ ।

❖ बाँकी तेस्रो पृष्ठमा

## शिव पाञ्चायन मन्दिर धार्मिक स्थल बन्दै



झापा(प्रस)। झापाको बिर्तामोड-७ स्थित शिव पाञ्चायन मन्दिर देउनिया धाम धार्मिक स्थलको रुपमा विकसित हुन लागेको छ । २०७० सालमा २९ हजार रुपैयाँबाट मन्दिरको निर्माण शुरुवात गरिएकोमा अहिले हलसहितको भव्य मन्दिर , यज्ञ होमादि कुण्ड , भण्डार कक्ष , शौचालय , शिलालेख बोर्डजस्ता संरचना निर्माण भएका छन् । धार्मिक महिमा रहेको त्यस मन्दिरप्रति भक्तालुहरुको आस्था

❖ बाँकी तेस्रो पृष्ठमा

## भारत र बंगलादेशसँगको व्यापारमा नेपाललाई घाटा

• लक्ष्मी उप्रेती

मेचीनगर । पूर्वी नाका भएर बंगलादेशसँगको व्यापारमा नेपालले ठूलो घाटा व्यहोरेको छ । चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा काँकरभिट्टा नाका भएर हुने बंगलादेशसँगको व्यापारमा नेपालले कूल १८ अर्ब ११ करोड ६१ लाख ३० हजार रुपैयाँ वैदेशिक व्यापार घाटा व्यहोरेको हो ।





मेची भन्सार कार्यालय काँकरभिट्टाको तथ्यांकअनुसार गत पुष मसान्तसम्ममा २ अर्ब ११ करोड ५२ लाख १ हजार बराबरको वस्तु आयात हुँदा २९ करोड ९१ लाख २१ हजार बराबरको मात्रै निर्यात भएको छ । गत आवको सोही अवधिमा १ अर्ब ८४ करोड ३१ लाख ४८ हजार रुपैयाँ व्यापार घाटा नेपालले व्यहोरेको थियो । सूचना अधिकारी भन्सार अधिकृत गणपति कँडेलका अनुसार यो अवधिमा १२ करोड ३३ लाख ८४ हजार बराबरको निर्यात गर्दा १ अर्ब ९६ करोड ६५ लाख ३२ हजार बराबरको वस्तु आयात भएको छ । नेपालले भारतलगायतका मुलुकसँगको व्यापार घाटा व्यहोर्दै गर्दा बंगलादेश मात्रै यस्तो मुलुक थियो, जुन देशसँगको व्यापार बर्षेनि नेपालको पक्षमा हुन्थ्यो । पछिल्लो अभिलेखबाट बंगलादेशसँगको व्यापार पनि निरन्तर ओरालो लाग्दै गएको स्पष्ट देखिएको मेची भन्सार एजेन्ट संघका सचिव कृष्णकान्त (नवराज) खनियाँ बताउँछन् । बंगलादेशबाट कटन भेस्ट, औषधी, फेब्रिक, जुट, चिनी, दूध पाउडर, सोया, आलुलगायत करिब तीन दर्जन वस्तु आयात हुन्छन् । नेपालले मुसुरो, जडीबुटी, अदुवा, तोरीको पिना, तरकारीजन्य वस्तु निर्यात गर्दै आएको छ ।

भुटानका मालवस्तुसरह नेपाली वस्तुलाई पनि ड्युटी छुट गरिदिने हो भने निर्यात व्यापार बढ्ने र नेपालको घाटा व्यापार कम हुने भन्सार अधिकारीको भनाई छ । नेपालको भारत र चीनसँगको प्रत्येक वर्ष खर्बौंको व्यापार घाटा भइरहेको बेलामा नेपाल र बंगलादेशबीचको व्यापार पनि सोही अवस्थामा रहेको यसका जानकारहरु बताउँछन् ।

नेपालले व्यापार घाटा भारतसँग समेत व्यहोरेको छ । पछिल्लो छ महिना अवधिमा भारतबाट १४ अर्ब ४८ करोड ५६ लाख बराबरको वस्तु आयात गर्दा १२ अर्ब ९१ करोड ९३ लाख ४५ हजार बराबरको निर्यात गरेको छ । जसअनुसार यो अवधिमा भारतसँगको मात्र व्यापार घाटा १ अर्ब ५६ करोड ६२ लाख ५५ हजार बराबर छ । गत आवको यहि अवधिमा समेत नेपालले भारतसँगको व्यापारमा ३ अर्ब ५३ करोड ५९ लाख ३४ हजार रुपैयाँ व्यापार घाटा ब्यहोरेको थियो । मुलुकले वैदेशिक व्यापारलाई सन्तुलनमा राख्न नसक्दा प्रत्येक वर्ष व्यापार घाटा चुलिँदो छ । नेपालको पूर्वीनाका काँकरभिट्टा भएर नेपाल र भारतबीच हुने व्यापार हरेक वर्ष भारतको पक्षमा मजवुत छ । काँकरभिट्टा नाका हुँदै अत्यधिकमात्रामा पेट्रोलियम पदार्थ (डिजल, पेट्रोल, खाना पकाउने एलपी ग्यास,हवाई इन्धन, मट्टितेल) तयारी पोशाक, सुपारी, सिमेन्ट क्लिङ्कर,सुती कपडा, खरानी स्ल्याग, चामल तथा कनिका, ग्लेज टायल, लुब्रिकेटीङ आयल मोबिल, मोटरका व्याट्री, प्लाष्टिकका प्याक गर्ने ट्यूवहरुलगायतका विभिन्न सामग्री भारत तथा तेस्रो मुलुकबाट पैठारी भई आउने गरेका छन् । मुसुरो दाल, भेनियर सिट, चोकर भुस, आलस, चिया, खयर कत्था, जडीबुटी, फलामे संरचनाहरु, अदुवा, सुठो, सुँगुर, बेतताड, प्लाइउड, क्राफ्ट पेपरलगायतका वस्तुहरु नेपालबाट भारत तथा समुन्द्रपार निकासी हुने गरेका छन् ।

**हार्दिक बधाई तथा शुभकामना**

प्याव्सन झापाको हालै सम्पन्न १४ औं जिल्ला अधिवेशनबाट निर्वाचित हुनुहुने अध्यक्ष छत्र कार्की, वरिष्ठ उपाध्यक्ष हरिकृष्ण पाठक, उपाध्यक्ष टीआर क्षेत्री, सचिव लक्ष्मीप्रसाद उप्रेती(एलपी) ,सह-सचिव जीवन शिवाकोटी,सह-सचिव विनोद सुब्बा,कोषाध्यक्ष अमृतकुमार तिम्सिना ,सह- कोषाध्यक्ष नारायण सुवेदी तथा सदस्यहरु सुमन शर्मा जमरकट्टेल, दशरथ (देवेन्द्र) हुमागाई, कुलबहादुर श्रेष्ठ, कुमार राया, मोहन थापा, कल्पना थापा र प्रेमकुमार ओझालाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालसहित आगामी दिनमा प्याबसन झापा अझ दरिलो, सशक्त र गर्विलो बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।


अध्यक्ष : छत्र कार्की
वरिष्ठ उपाध्यक्षः हरिकृष्ण पाठक


उपाध्यक्षः टीआर क्षेत्री


सचिव लक्ष्मीप्रसाद उप्रेती(एलपी)


सह-सचिवःजीवन शिवाकोटी


सह-सचिव विनोद सुब्बा


कोषाध्यक्षः अमृतकुमार तिम्सिना


सह- कोषाध्यक्ष नारायण सुवेदी

विनोद सापकोटा
ऐरावती पब्लिकेशन प्रा.लि.
कोशी प्रदेश प्रमुख
९८५२६७६६७६,९८०२६७६६७६

# लागूऔषध बोकेर जाँदै गरेका दुई युवा पक्राउ



झापा(प्रस)। झापाबाट इलामतर्फ लागूऔषध बोकेर जाँदै गरेका दुई युवा पक्राउ परेका छन् । बिहीवार दिउँसो १२:४० बजे इलाम रोङ गाउँपालिका- ४ जोरकलशस्थित मेची राजमार्गमा झापाबाट इलामतर्फ जाँदै गरेको प्रदेश १-०१-०१७प५०७५ नं को मोटरसाइकललाई शंका लागेर प्रहरीले चेकजाँच गरेको थियो । त्यसक्रममा मोटरसाइकल पछाडी सवार सूर्योदय -६ कन्याम गुम्बा टोल बस्ने २७ वर्षीय पुजन तामाङको साथबाट २.६६ ग्राम र मोटरसाइकल चालक सूर्योदय -८ डम्बुगाउँ बस्ने ३१ वर्षीय मुस्कान तामाङको साथबाट २.१३ ग्राम ब्राउनसुगर फेला परेको थियो । चेकजाँच गर्ने क्रममा मोटरसाइकल चालक मुस्कान तामाङ भाग्न खोज्दा उनलाई सामान्य चोट लागेको प्रहरीले जनाएको छ ।

## च्याम्पियन्सहरूको...

फुटबलप्रेमीहरुले गरिरहेका हुन् । यो गौरवमय क्षणमा खुसी साटिरहेका क्लबका अध्यक्ष गुरुङ आफ्ना खेलाडीप्रति आभारी छन्, क्लबका पदाधिकारीहरूप्रति कृतज्ञ छन् अनि शुभेच्छुक र शुभचिन्तकप्रति नतमस्तक छन्।

फुटबल र समग्र खेलकुद प्रतियोगिताले उपाधि मात्रै जित्ने होइन, यसले समाजलाई जिताउँछ ,राष्ट्रलाई जिताउँछ अनि शक्तिशाली भनिएका मुलुकको खेलमैदानमा नेपालको राष्ट्रिय झण्डालाई सबैभन्दा अग्लो बनाएर फहराइदिन्छ। मोफसलमा फुटबल प्रतियोगितालाई चलायमान बनाउँदै खेलाडीको वृत्ति विकासको अवसरको खोजी गरी युवा खेलाडीको उत्पादन, खेल पर्यटनको प्रवर्द्धनसँगै नेपाली राष्ट्रिय फुटबलको श्रीवृद्धिका लागि योगदान दिने लक्ष्य र उद्देश्य लिएको झापाको गहना झापा ११ फुटबल क्लबको आगामी दिनहरु यस्तै सफलताका बिन्दुहरुबाट सुसज्जित बन्दै जान सकून् । फेरि पनि शुभेच्छा , शुभकामना ।






## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैंतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/१०/११

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग बिर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् व्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत व्यक्तिगत जमानी दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| क्र. सं. | ऋणी र व्यक्तिगत जमानतकर्ता/धितो जमानतकर्ताको नाम थर तथा तिन पुस्ते विवरण | कर्जा शिर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १<br>२ | काशीनाथ न्यौपानेको नाती, नन्दलाल न्यौपानेको छोरा नागरिकता वमोजिम झापा जिल्ला अनारमनी गा.वि.स वडा नं. ०७, स्थायी ठेगाना भै हाल झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०३, बस्ने मिति २०४९/०७/१७ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०१२८१५०७ भएको बर्ष ५४ को प्रेम प्रसाद न्यौपाने ।<br>कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंबाट मिति २०७८/०३/१४ मा दर्ता नं. २६३९०२/७७/०७८ अन्तरगत रजिष्ट्रर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ३, स्थित एलिजा कृषि फार्म प्रा.लि. का तर्फबाट ऐ. का एकल संचालक **प्रेम प्रसाद न्यौपाने** । | **व्यक्तिगत आवधिक कर्जा**<br>**व्यवसायिक चालु पूँजी र आवधिक कर्जा** | प्रेम प्रसाद न्यौपाने र तारादेवी उप्रेतीको संयुक्त नाममा रहेको मालपोत कार्यालय चन्द्रगढी, झापामा दर्ता कायम भएको, झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नम्वर ३३५ क्षेत्रफल ३७६.२५ ब.मि. को जगा र सो जग्गामा निर्मित घर तथा सम्पूर्ण लिगलिगापात समेत । |

| धितो/व्यक्तिगत जमानीकर्ता | व्यक्तिगत जमानीकर्ता | व्यक्तिगत जमानीकर्ता |
|---|---|---|
| नामः तारादेवी उप्रेती<br>बाबू : धुर्व प्रसाद उप्रेती<br>पति : प्रेम प्रसाद न्यौपाने<br>ना.प्र.नं. : ३५४११३१० (झापा, २०४४/१२/१९)<br>स्थायी ठेगाना : झापा जिल्ला जलथल गाउ पञ्चायत वडा नं. ०७, हालको ठेगाना : झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०३ | नामः एलिना न्यौपाने<br>बाबू : प्रेम प्रसाद न्यौपाने<br>बाजे : नन्दलाल न्यौपाने<br>ना.प्र.नं. : ०४-०१-७३-१३३१९ (झापा, २०७३/१२/१०)<br>स्थायी ठेगाना : झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०९ हालको ठेगाना : झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०३ | नाम : एलिजा न्यौपाने<br>बाबू : प्रेम प्रसाद न्यौपाने<br>बाजे : नन्दलाल न्यौपाने<br>ना.प्र.नं. : ०४-०१-७७-०७६१६ (झापा, २०७७/१०/१५)<br>स्थायी ठेगाना : झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०३ हालको ठेगाना : झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०३ |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।




**कर्जा असुली विभाग**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, भद्रपुर, झापा

## संस्था सूचिकृत हुने तथा प्रस्ताव आह्वान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति-२०81/10/11

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, झापाको आ.व. २०81/०82 को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन गर्नका लागि जोन/सुपरजोन (सुपारी जोन/रबर जोन/तरकारी जोन/माछा जोन) क्षेत्र अन्तर्गत सूचिकृत भएका ईच्छुक कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/जल उपभोक्ता संस्था तथा फर्महरुले यो सूचना प्रकाशित भएको मितिले 15 औं दिन मिति-२०81/10/25 गते भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ।
यस कार्यालयमा सूचिकृत नभएका जोन/सुपारजोन क्षेत्र भित्रका ईच्छुक कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/जल उपभोक्ता संस्था तथा फर्महरुले सूचिकृत भई प्रस्ताव माथि उल्लेखित अवधि भित्र नै पेश गर्नु हुन अनुरोध छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।थप जानकारीका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, झापाको फोन नं. ०२३-453188 मा सम्पर्क राख्न अनुरोध छ।
कार्यक्रम विवरणः

| क्र. सं. | कार्यक्रमको नाम | परिमाण | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु, आवश्यक कागजात तथा ध्यान दिनु पर्ने कुराहरु । |
|---|---|---|---|---|
| क. | रबर जोन | | | |
| 1. | रबर खेतीमा खाद्यतत्व/रसायन/आदिमा अनुदान सहयोग | 1 पटक | 50ो अनुदान (माग संङ्कलन) | रबर जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, कृषक उद्यमी, कृषि फर्म ।<br>रबर विरुवाको लागि आवश्यक पर्ने खाद्यतत्व। |
| ख. | सुपारी जोन | | | |
| 1. | साना मेशिनरी औजार तथा उपकरणमा अनुदान | १ पटक | 50ो अनुदान (माग संङ्कलन) | सुपारी जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, कृषक उद्यमी, कृषि फर्म ।<br>कृषि औजार तथा उपकरण र सुपारीको बोक्रा उप्काउने मेसिन, पावर टिलर, मिनिटिलर, भर्याङ्ग आदी। |
| ग. | माछा जोन | | | |
| 1. | एकीकृत माछा पालन प्रदर्शन.. | 3 वटा | माग संङ्कलन | माछा जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, मत्स्य उद्यमी, कृषि/मत्स्य फर्म ।<br>माछापालन भईरहेका पोखरीहरुमा विभिन्न जातका माछापालन, फिडर मेसिन आदी। |
| 2. | मत्स्य पोखरीमा चरा व्यवस्थापनको लागी जाली सहितको छेकबार सहयोग | 3 हेक्टर | 50ो अनुदान (माग संङ्कलन) | माछा जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, मत्स्य उद्यमी, कृषि फर्म ।<br>माछापालन भईरहेका पोखरीहरुमा जाली, चरा धपाउने यन्त्र मेसिन, सर्प फाँसी जाल आदी |
| 3. | माछाको रोग परजिवी निदान तथा उपचार सेवा एवं सेवा विस्तार | 2 पटक | माग संङ्कलन | माछा जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, मत्स्य उद्यमी, कृषि फर्म ।<br>माछापालन भईरहेको क्षेत्रमा सेवा दिईने। |
| 4 | माछा मार्ने जाल अनुदानमा वितरण | 12 वटा | 50ो अनुदान वा वढीमा 15 हजार प्रति जाल | माछा जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, मत्स्य उद्यमी, कृषि फर्म ।<br>माछापालन भईरहेको क्षेत्रमा |
| 5. | मत्स्य पालन प्रविधि प्रर्दशन (वायो फ्लक, आदी) | 3 वटा | माग संङ्कलन | माछा जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, मत्स्य उद्यमी, कृषि फर्म ।<br>विभिन्न प्रविधि प्रदर्शन गर्ने। |
| 6. | नयाँ मत्स्य पोखरी निर्माण | 17 हेक्टर | 50ो अनुदान वा बढीमा 3 लाख प्रति हेक्टर | माछा जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, मत्स्य उद्यमी, कृषि फर्म, मत्स्य फर्म ।<br>माछा पोखरी निर्माण गर्ने जग्गाको धनीपुर्जा प्रतिलिपी।<br>जग्गा आफ्नै स्वमित्व भएको वा कम्तिमा 10 वर्षको करार सम्झौता भएको।<br>कम्तिमा 5 हेक्टरको माग एकमुष्ट वा एउटै क्लाष्टरमा भएकोलाई प्राथमिकता दिईनेछ। |
| 7. | माछा पोखरी मर्मत सुधार सहयोग | 4 हेक्टर | 50ो अनुदान वा बढीमा 99 हजार 9 सय 90 रुपैयाँ प्रति हेक्टर | माछा जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, मत्स्य उद्यमी, कृषि फर्म, मत्स्य फर्म ।<br>माछापालन भईरहेका पोखरीहरु । |
| 8. | माछा पोखरीमा सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | 5 संख्या | 50ो अनुदान वा बढीमा 50 हजार प्रति सिंचाई | माछा जोन कमाण्ड क्षेत्रका माछापालन गरिरहेका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, मत्स्य उद्यमी, कृषि फर्म, मत्स्य फर्म । |
| घ. | तरकारी जोन | | | |
| 1. | तरकारी उन्नत प्रविधी प्रर्दशन कार्यक्रम | ५ वटा | माग संङ्कलन | तरकारी जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, कृषक उद्यमी, कृषि फर्म ।<br>प्रदर्शनको लागि कम्तिमा 10 कठ्ठा जग्गा हुनुपर्ने छ। |
| 2. | कृषि यान्त्रीकरण, साना कृषिजन्य औजार उपकरण तथा पोष्ट हार्भेष्ट उपकरण सहयोग | १ पटक | 50ो अनुदान (माग संङ्कलन) | तरकारी जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, कृषक उद्यमी, कृषि फर्म ।<br>तरकारी खेती तथा पोष्ट हार्भेष्ट कार्यमा प्रयोग हुने कृषि औजार उपकरणहरु जस्तैः पावर टिलर, मिनि टिलर, खाडल खन्ने मेसिन आदी। |
| 3. | साना मेशिनरी औजार तथा उपकरणमा अनुदान कार्यक्रम | १ पटक | 50ो अनुदान (माग संङ्कलन) | तरकारी जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, कृषक उद्यमी, कृषि फर्म ।<br>तरकारी खेती साना मेसिनरी औजार उपकरणहरु जस्तैः ड्रील व्यारो, सिकेचर, भर्याङ्ग तथा प्रशोधन कार्यमा सघाउ पुर्याउने मेसिन आदी। |
| 4. | सिंचाइ पुर्बाधार निर्माण तथा मर्मत सम्भार | 3 वटा | 85ो अनुदान वा बढीमा 1 लाख प्रति सिंचाई | तरकारी जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था, कृषक उद्यमी, कृषि फर्म ।<br>पूर्वाधार निर्माण गरिने जग्गा धनी पुर्जाको प्रतिलिपी।<br>स्थायी रुपमा कुलो निर्माण तथा मर्मत, ईनार बोरिङ्ग, मोटर बोरिङ्ग, पम्प सेट, थोपा सिंचाई, स्प्रिंङक्लर सिंचाई आदी। |

**नयाँ थप भएका जोनहरु र कार्यक्षेत्र**
**माछा जोन कमाण्ड क्षेत्रः**- शिवसताक्षी न.पा., कमल गा.पा., गौरादह न.पा. र गौरीगन्ज गा.पा. का सवै वडाहरु
**तरकारी जोन कमाण्ड क्षेत्रः**- मेचीनगर न.पा. वडा नं. 1,2,3,9 बुद्धशान्ति गा.पा. वडा नं. 5,6,7 र अर्जुनधारा न.पा. वडा नं. 8,9
**नोटः प्रस्तावना पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु-**

1. अनुसूची - १० अनुसारको निवेदन फारम ।
2. कार्यक्रम प्रस्तावना विवरण लागत ईष्टिमेट सहित ।
3. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. समूह/संस्थाको निर्णय प्रतिलिपी ।
५. स्थाई लेखा नम्बर (PAN) दर्ताको प्रतिलिपी ।
६. आ.ब. २०80/०81 को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
६. रु.१०/- टिकट
७. निर्माण कार्य गरिने जग्गा धनिपुर्जाको प्रतिलिपी ।
8. सम्बन्धित गाउँपालिका/नगरपालिका/वडा/ कृषि शाखाको सिफारिस
9. कार्यक्रम प्रस्तावको ढाँचा अनुसूची-१० अनुसारको निवेदन फारम कार्यालयको Web Site: www.piujhapa.pmamp.gov.np बाट डाउनलोड गर्न सकिने छ।
10. जोन/सुपरजोनको कमाण्ड क्षेत्र कार्यालयको माथी उल्लेखित वेव साईडमा राखिएको छ।

**सम्पर्क व्यक्तिः- प्राविधिक सहायक श्री मोहन कुमार सिंह 9847113493, प्राविधिक सहायक श्री रविन निरौला 9844684784**
**नायव पशु स्वास्थ्य प्राविधिक श्री दिपेश राजवंशी 9824094545 (माछा सम्बन्धि)**

**( रविन्द्र सुवेदी )**

## सम्पादकीय

# शितलहरबाट बचौं

केही दिनदेखि पूर्वी तराईमा शितलहर सुरु भएको छ । अत्यधिक चिसो बढ्दा जनजीवन कष्टकर भएको छ । शितलहर दुई–तीन सातादेखि एक महिनासम्म चल्ने भएकाले यहाँको जनजीवन कष्टकर हुन्छ । शितलहरबाट नागरिकको जीवन कसरी जोगाउने ? सरकारको प्राथमिकता नागरिकको जीवन जोगाउन केन्द्रित हुनुपर्छ ।

तराईमा जाडोमा अत्यधिक चिसो र गर्मीमा अत्यधिक गर्मी हुन्छ, जसले यहाँको जनजीवन अत्यधिक प्रभावित हुन थालेको छ । अत्यधिक चिसो र अत्यधिक गर्मीका कारण तराईमा जनजीवन अस्तव्यस्त हुँदा क्षति न्यूनीकरण गर्न सरकारको कार्ययोजना बनिनु पर्छ । शितलहरबाट नागरिकको जीवन जोगाउन तहगत सरकारबिच समन्वयात्मक भूमिका जति आवश्यक छ, गर्मीयाममा लाग्ने 'लू'बाट बचाउन प्रष्ट कार्ययोजनासहितको कार्यक्रम सञ्चालन हुनुपर्छ ।

त्यसो त शितलहरबाट जोगाउन राज्यले गरेका केही कामको नतिजा देखिन थालेका छन्, त्यसलाई सकारात्मक मान्नुपर्छ । अहिले गरिब र सीमान्तकृत घरबारविहीन नागरिकलाई सरकारले 'जनता आवास कार्यक्रम' मार्फत् घर बनाइरहेको छ । घरबारविहीन घरपरिवारले अहिले सुरक्षित ओत पाइरहेका छन् । सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत जेष्ठ नागरिकलाई मासिक दिने भत्ताले पनि उनीहरुको जीवनयापन सहज बनाउन सघाउ पुऱ्याएको छ । शितलहरले वर्षेनि केही नागरिकको मृत्युका समाचार पछिल्ला वर्ष आउन छाडेका छन् । अहिले जे भइरहेको छ, त्यसले मात्रै नागरिकलाई सुरक्षित राख्न सकिन्छ भन्ने पटक्कै देखिँदैन । गरिब , निमुखा र मजदुरहरु चिसोमा धेरै प्रभावित हुँदै आएका छन् ।

कतिपय पालिकाले सीमान्तकृत र गरिब परिवारलाई खाना पकाउन ग्याँस चुल्हो बाँडे । कतिपयले सिलिण्डर समेत बाँडे । तर, पाएको ग्याँस सिलिण्डर सकिएपछि अर्को सिलिण्डर किन्न नसक्दा कार्यक्रमको प्रभावकारितामा प्रश्न उठ्यो । मुलतः उनीहरुको जीवनस्तर उकास्ने कार्यक्रमलाई जोड दिनुपर्छ । संकटका बेला नागरिकले राज्य खोज्छ । यही बेला हो, राज्यले नागरिकप्रति आफ्नो भूमिका देखाउने । तहगत सरकारबिच समन्वय र सहकार्यबाट नै महामारीलाई सामना गर्न सकिन्छ भन्ने हामीलाई कोभिड महामारीले सिकाएको छ । चिसोबाट आफै पनि जोगिने प्रयास गरौं । विपन्न वर्ग जोसंग ओत लाग्ने ठाउँ छैन , लगाउने लुगा छैन त्यस्ता मानिसलाई सरकारले तत्काल आवासको व्यवस्था मिलाओस् ।




तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# अध्यादेशको अभ्यास



• भुवन न्यौपाने

सरकारको सिफारिसमा पछिल्लो समय राष्ट्रपतिबाट जारी भएका अध्यादेशका बारेमा विभिन्न कोणबाट टीकाटिप्पणी भएका छन् । विपक्षी सात दलले पत्रकार सम्मेलन नै गरेर सरकारले संसद् छलेर अध्यादेशमार्फत जनतामा निरंकुश शासन लाद्न खोजेको आरोप पनि लगाएका छन् । आमजनतामा समर्थन र विरोधका विभाजित अभिव्यक्ति सुनिन्छन् । वास्तवमा सरकारले संसद् अधिवेशन आह्वान नगरेर अध्यादेश जारी गर्नु पर्ने बाध्यता के हो ? किन संसदीय प्रक्रियालाई मिचेर अध्यादेशबाट सरकारले शासन गर्न खोजेको हो ? अध्यादेश जारी गर्दा सरकारको कस्तो नियत देखिन्छ ? के अध्यादेश जारी गर्नै नहुने हो ? के अध्यादेशमा गलत मनसाय नै छ ? अध्यादेशका बारेमा उब्जिएका यी उल्लिखित प्रतिनिधिमूलक प्रश्नहरू हुन् । त्यसो भए अध्यादेशको औचित्यमाथि केही विश्लेषण गरौँ ।

संसद् अधिवेशन सुचारु नभएका बेलामा विशेष परिस्थिति र समयमै निर्णय गरी कार्यसम्पादन गर्न, संसद् बैठक बोलाउन समय लाग्ने अवस्था साथै संसदले अनुमोदन गर्ने कानुन नबनेको वा ढिला भएको अवस्थामा तत्काल समाधान दिन अध्यादेशको जारी गरिन्छ । संविधानको मर्म अनुसार कानुनी र सामाजिक रूपमा अध्यादेशले जनजीवनमा पार्ने प्रभावबारे पर्याप्त जानकारी नपुग्दा भ्रम सिर्जना भएका हुन्छन् । अध्यादेश जारी गर्ने प्रक्रिया पारदर्शी नभएमा जनतामा यसको औचित्यबारे प्रश्न उठ्न सक्छ । कहिलेकाहीँ राष्ट्रिय आवश्यकतालाई भन्दा राजनीतिक स्वार्थ र फाइदाका लागि अध्यादेश ल्याइएको देखिन्छ । समय र उद्देश्यप्रतिको शङ्काले कार्यपालिका र व्यवस्थापिकाबिच शक्तिको सन्तुलनबारे प्रश्न उठ्न सक्छ ।

**अध्यादेशको अवधारणा**

विशेष अवस्थामा जारी हुने अध्यादेश अस्थायी कानुन हो । अध्यादेशको अवधारणाका बारेमा अन्तर्राष्ट्रिय अभ्यास विभिन्न देशको कानुनी र संवैधानिक प्रावधानमा आधारित छ । विश्वका अधिकांश लोकतान्त्रिक व्यवस्था भएका मुलुकमा अध्यादेश प्रयोग विशेष परिस्थितिमा गरिन्छ, जहाँ कार्यकारी अङ्गले संसद्को अनुपस्थितिमा तत्काल कानुनी उपायको व्यवस्था गर्ने प्रावधानलाई मुख्य ध्येयमा राखेको हुन्छ । भारतमा राष्ट्रपतिले अध्यादेश जारी गर्ने अधिकार संविधानको धारा १२३ मा उल्लेख छ । संसद् अधिवेशन नभएको बेला यो अधिकार प्रयोग हुन्छ । अध्यादेशलाई संसदको दुवै सदनबाट छ महिनाभित्र पारित गर्नु पर्छ । सो अवधिसम्म पनि पारित नभए अध्यादेश स्वतः खारेज हुन्छ । भारतमा यस प्रणालीलाई विशेष परिस्थितिमा उपयोग गरिन्छ, तर अध्यादेशको अत्यधिक प्रयोगले त्यहाँ पनि आलोचना भने हुँदै आएका सन्दर्भ छन् ।

संयुक्त राज्य अमेरिकामा एक्जुकेटिभ अर्डरको व्यवस्था छ, जुन राष्ट्रपतिद्वारा जारी गरिन्छ । यद्यपि यी कार्यकारी आदेशहरू अध्यादेश जस्तै कानुनी प्रकृतिका हुन्छन् संसद्को अनुमोदनबिना नै ती कार्यान्वयनमा जान सक्छन् । त्यहाँ यसले कार्यकारी अधिकारलाई संसद्को नियन्त्रणभन्दा बाहिर धकेल्ने चिन्ता उत्पन्न गरेको छ । फ्रान्समा अध्यादेशलाई 'अर्डिनेन्स' भनिन्छ । यो फ्रान्सको संविधानको धारा ३८ अन्तर्गत कार्यान्वयन हुन्छ । कार्यकारी अङ्गले संसद्को अनुमतिमा विशेष विषयमा कानुनी उपाय लागु गर्न सक्छ । यसलाई संसद्ले पछि अनिवार्य अनुमोदन गर्नु पर्छ । बेलायतमा अध्यादेश जस्तो कुनै विशेष प्रावधान छैन तर विशेष शक्ति (रोयल प्रिरोगेटिभ पावर) मार्फत कार्यकारी निर्णयहरू गर्न सक्छ । यद्यपि, संसदको अनुमोदन आवश्यक हुन्छ । त्यहाँ पनि संसद्बाट कानुन निर्माण नै प्राथमिक विकल्प हो । अस्ट्रेलिया र जर्मनमा अध्यादेशको प्रयोग संघीय सरकारको विशेष अधिकारअन्तर्गत सीमित छ ।

नेपालको संविधानको धारा ११४ ले संघीय सरकारलाई र धारा २०२ ले प्रदेश सरकारलाई अध्यादेशको सिफारिस अधिकार दिएको छ । संघमा राष्ट्रपति र प्रदेशमा प्रदेश सरकारले अध्यादेश जारी गर्न सक्ने संवैधानिक व्यवस्था छ । संघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थाबाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने छन् भन्ने व्यवस्था रहेको छ । दुवै सदनले स्वीकार नगरेमा सदन सुरु भएको दिनदेखि ६० दिनभित्र स्वतः निस्क्रिय हुन्छ । नेपालमा विगतमा अध्यादेशको अभ्यासलाई अध्ययन गर्दा अत्यावश्यक परिस्थितिमा भन्दा पनि सरकारको स्वेच्छाचारी र स्वार्थमा बढी प्रयोग भएको देखिन्छ । त्यस कारण पनि अध्यादेशप्रति जनतामा आशङ्का बढ्दो देखिन्छ ।

**अध्यादेशको अभ्यास**

विश्वव्यापी रूपमा नै लोकतान्त्रिक मुलुकहरूले अध्यादेशको व्यवस्थालाई संवैधानिक र कानुनी प्रावधानका रूपमा अभ्यास गर्दिँदै आए पनि अध्यादेशप्रति सकारात्मक र नकारात्मक टिप्पणी भने सुनिँदै आएका हुन्छन् । कार्यपालिका सरकारको अङ्गले संसद्लाई छलेर अध्यादेश कुन नियतले जारी गरिरहेको छ भन्ने विषय महत्वपूर्ण रहन्छ । एकातिर, यसको प्रयोग लोकतान्त्रिक मूल्यमान्यताभन्दा बाहिर जान नदिन संसद्को अनुमोदन प्रक्रिया अनिवार्य मानिन्छ । अर्कातिर, अध्यादेशको अत्यधिक प्रयोगले कार्यपालिका र व्यवस्थापिका बिचको सन्तुलन बिग्रने जोखिम रहन्छ, जुन अन्तर्राष्ट्रिय रूपमा पनि आलोचनाको विषय बन्ने गरेको छ । व्यवस्थापिकामाथि कार्यपालिकाको हस्तक्षेपले जोखिम सिर्जना पनि गर्न सक्छ ।

२०७४ पछि प्रधानमन्त्रीको जिम्मेवारीमा रहँदा केपी शर्मा ओलीको कार्यकालमा ३१ वटा अध्यादेश जारी भएको देखिन्छ । त्यसपछि प्रधानमन्त्री शेरबहादुर देउवाका पालामा १५ र पुष्पकमल दाहाल प्रचण्डका पालामा तीन वटा अध्यादेश जारी भएको थियो । वर्तमान समयमा चौथो कार्यकालका लागि प्रधानमन्त्री ओलीका पालामा छ महिना नबित्दै छ वटा शीर्षकमा अध्यादेश आइसकेका छन् ।

नेपालमा पनि विगतमा विभिन्न समयमा सरकारले संसद्को अधिवेशनलाई छलेर अध्यादेश जारी गरेका दृष्टान्तहरू छन् । त्यसमध्ये संवैधानिक परिषद्सम्बन्धी अध्यादेश, राजनीतिक दलसम्बन्धी अध्यादेश बढी चर्चामा रहेका थिए । नेपालका सन्दर्भमा अध्यादेशलाई राजनीतिक सौदाबाजी बनाएका धेरै उदाहरण छन् । दलभित्रको आन्तिरिक द्वन्द्वलाई व्यवस्थापन, शासकीय कार्यशैली र सीमित स्वार्थले अध्यादेशको खास मर्ममाथि प्रहार भएका छन् । अध्यादेशको आधारभूत अवधारणा विपरित हुने यस्ता प्रयोगले संविधानको मर्ममाथि पनि कलुषित मनसाय राखेका पाइन्छन् । सामान्यतः अध्यादेश विशेष समयमा आवश्यकताको सिद्धान्तमा आधारित हुनु पर्छ तर शासकीय स्वार्थ र सुविधाको मनसायलाई अध्यादेशको अधिकार दुरुपयोग गरिनु कदापि सकारात्मक मान्न सकिँदैन ।

**अध्यादेशको औचित्य**

सत्ता साझेदार नेपाली कांग्रेस तथा नेकपा (एमाले) ले गठन गरेको व्यावसायिक वातावरण सुधारका लागि कानुन सुधार कार्यदलको सिफारिसबमोजिम सरकारले विभिन्न अध्यादेश अघि बढाएको छ । उद्यम व्यवसायका क्षेत्रमा देखिएका कानुनी झमेला हटाउन, अन्तरमन्त्रालय र विभागबिच कार्यसम्पादन चुस्त बनाउन सरकारले अध्यादेशका माध्यमबाट व्यापक कानुनी सुधारका लागि पहल गरेको छ । जसमार्फत २९ कानुन संशोधन भएका छन् । सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी अध्यादेशमार्फत विभिन्न ११ कानुन र सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी अध्यादेशमा १३ वटा कानुन, भूमिसम्बन्धी अध्यादेशअन्तर्गत तीन वटा कानुन संशोधनको भएका छन् ।

सरकारले मुलुकमा सुशासन, तीव्र आर्थिक विकास र लगानीको विश्वासिलो आधार तयार गर्न अपरिहार्य अध्यादेशहरू जारी गरेको छ । संविधानको व्यवस्था अनुसार नै अध्यादेश ल्याएर तीव्र रूपमा जनअपेक्षाको सम्बोधन गर्न सरकार तदारुकता राम्रै मान्न सकिन्छ । सरकारले अध्यादेशमार्फत सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश, निजीकरण पहिलो संशोधन अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश ल्याएको छ । कतिपय अध्यादेश समयानुकूल अपरिहार्यता भए तापनि केही अध्यादेशले नीतिगत भ्रष्टाचार बढावा दिने आशङ्का पनि गरिएका छन् । यस्ता आशङ्कालाई निरूपण गर्न सरकारले नियमनका पक्षहरूलाई प्रभावकारी बनाउनु जरुरी छ ।

राष्ट्रिय आपत्कालीन आवश्यकता, प्राकृतिक विपत्, मानवीय र स्वास्थ्य सङ्कट वा अन्य कुनै अत्यावश्यक अवस्थामा समयमै कानुनी व्यवस्था गर्न अध्यादेश आवश्यक हुन्छ तर अध्यादेशको दुरुपयोग नगरी यो केवल अपरिहार्य र संविधानको मर्मअनुरूप मात्रै प्रयोग गरिनु पर्छ । लोकतान्त्रिक पद्धतिमा संसद्को भूमिकालाई कमजोर पार्ने गरी अध्यादेशको अति प्रयोग स्वाभाविक रूपमा आलोचनाको विषय बन्न सक्छ । अध्यादेश बारेमा भ्रम हटाउन सरकारले पारदर्शिता, स्पष्टता, र जनसरोकारका विषयमा पर्याप्त जानकारी दिनु पर्छ । साथै, नागरिकलाई यसबारेमा शिक्षित र सूचित गराउनु महत्वपूर्ण हुन्छ । अध्यादेशको प्रकृति, उद्देश्य, वा प्रक्रियामा स्पष्टता नभएमा भ्रम सिर्जना हुन सक्छ ।

सरकारले ल्याउने सबै अध्यादेश गलत नियतले नै जारी भएका हुन्छन् भन्ने हुँदैन । सही उद्देश्यसहितका अध्यादेश गलत होइनन् । प्राथमिकताका साथ संघीय संसद्को नियमित हिउँदे अधिवेशन शिघ्र बोलाउन सरकारले ढिलासुस्ती गर्न हुँदैन । संसद् बन्द गरेर अध्यादेशबाट शासन गर्ने मनसायले व्यवस्थापिका र कार्यपालिकाबिच द्वन्द्व सिर्जना हुन सक्छ । साथै, विपक्षी दलले अध्यादेश पनि संसद्मा पेस गरेर पारित हुन्छ भन्ने बुझ्न जरुरी छ । यसर्थ, सरकारले ल्याएका अध्यादेशका सन्दर्भमा त्यसको औचित्य र आवश्यकताका बारेमा स्पष्ट भएर मात्र विरोध गर्नु उपयुक्त हुन्छ । सीमित नियत राखेर ल्याउने अध्यादेशलाई सैद्धान्तिक रूपमा समर्थन गर्न सकिँदैन तर अध्यादेशको औचित्य स्पष्ट आवश्यकताको सिद्धान्त अनुरूप रहेको प्रमाणित गर्न आफ्नो कार्यशैलीबाट देखाउनु पर्छ ।

# शासन सञ्चालनमा दृढता



• बिष्णुकुमारी लामिछाने

औपनिवेशिक परिवेश झेल्नु नपरेको हाम्रो मुलुक उपनिवेशको उकुसमुकुसबाट उम्किएका मुलुकले गरेको प्रगतिको पछुवा बन्दै जानु परेको छ । राणा शासन हटेर प्रजातन्त्र, पञ्चायत हटेर बहुदल, राजतन्त्र हटेर संघीय लोकतान्त्रिक गणतन्त्र जस्ता उच्चतम शासकीय व्यवस्था जारी हुँदा पनि नेतृत्वमा आत्मविश्वास, नवप्रवर्तनकारी सोच तथा राष्ट्रहितका लागि दिशानिर्देश गर्ने दूर दृष्टि नहुँदा नागरिकको अवस्थामा अपेक्षित सुधार आउन सकेको छैन । राजनीतिक व्यवस्थामा आएको परिवर्तनलाई मुलुकको समग्र विकासका लागि अवसरका रूपमा लिई स्वार्थबाट माथि उठेर आमूल परिवर्तन गर्ने हिम्मत भएको दृढ र दूरदृष्टियुक्त नेतृत्वको अपेक्षा पटक पटक भएको छ ।

नेतृत्वकर्ता व्यक्तिगत एवं दलगत स्वार्थबाट माथि उठेर राष्ट्रहितमा आफूलाई कसरी समाहित गराउँदै परिवर्तनको उद्घोष गर्न सक्छ भन्ने उदाहरण लि क्वान यु बाट सिक्न सकिन्छ । उहाँ भ्रष्टाचार निवारण गरी सुशासनबाट पहिलो पाइला चाल्दै जनताको आम्दानी बढाउने, देशको आर्थिक उन्नति गर्ने, वैदेशिक लगानीको आकर्षण र प्राथमिकताको क्षेत्रमा मितव्ययी परिचालन गर्ने, राष्ट्रिय चरित्र र अनुशासित समाज विकास गर्ने, कूटनीतिक एवं सन्तुलित वैदेशिक सम्बन्ध विस्तार गर्ने कार्यहरू गरेर सिङ्गापुरलाई विश्वका विकसित मुलुकको अग्रपङ्क्तिमा उभ्याउन सफल हुनुभयो । आधुनिक सिङ्गापुरका संस्थापक पिता मानिनुहुने उहाँको योगदानले आज आर्थिक, मानवीय विकास तथा सुशासनलगायतका सूचकहरूमा मुलुकले अग्रस्थान ओगटेको छ ।

कुल गार्हस्थ उत्पादनमा वृद्धि, गरिबी निवारण, वैदेशिक व्यापारलगायतका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै सामाजिक आर्थिक परिवर्तनलाई तीव्रता दिई चीनको निर्माण गर्ने अर्का उदाहरणीय नेतृत्व हुनुहुन्छ देङ सियाओ पिङ । देशको आर्थिक सुधारका लागि आधुनिकीकरणका चार खम्बाका रूपमा कृषि, उद्योग, राष्ट्रिय सुरक्षा र विज्ञान तथा प्रविधिलाई अगाडि बढाउनुभएको थियो । अन्तर्राष्ट्रिय व्यापारका लागि चीनलाई खुला गर्नुभएका देङले चिनियाँ अर्थतन्त्रलाई विकेन्द्रित गर्नुभयो । त्यसै गरी विश्वयुद्धका कारण कठिन मोडमा पुगेको दक्षिण कोरियाको आधुनिक जग बसाल्ने पार्क चुङ ही, मलेसियाका महाथिर मुहम्मद पनि असल नेताका रूपमा परिचित हुनुहुन्छ ।

नागरिकले संघीय शासन प्रणालीसँगै राजनीतिक स्थिरता, नीतिगत स्थायित्व, शक्तिको विकेन्द्रीकरण एवं समावेशी विकासको अपेक्षा गरेका थिए । संवैधानिक व्यवस्थाबमोजिमका राज्यले निर्वाह गर्नुपर्ने अनिवार्य दायित्व बोकेका मौलिक हकको कार्यान्वयन यथासम्भव छिटो हुनेमा आश्वस्त थिए । भ्रष्टाचारको अन्त्य भई मुलुकमा सुशासन प्रवर्द्धन हुने, कानुनी शासनबाट दण्डहीनता अन्त्य हुने, आर्थिक विकासबाट समृद्धि हासिल हुने, शिक्षा, स्वास्थ्य एवं विकासका पूर्वाधारको निर्माण हुने आशा गर्दै थिए तर अस्थिर राजनीति, आलोपालो सरकार र दृढ तथा दूरदर्शी नेतृत्वको अभावले नागरिकमा नयाँ व्यवस्थाको महत्व बुझाउन सकिएको छैन ।

विशाल अनि विकसित छिमेकी मुलुकले विश्वकै अर्थतन्त्रको केन्द्र दक्षिण एसियालाई बनाउँदै गइरहेको बेला त्यसबाट सिकेर हाम्रो मुलुकलाई पनि विकासको अग्रगतिमा डोऱ्याउने काम त कता हो कता ती छिमेकीले सिर्जना गरेका अवसरबाट लाभसम्म पनि लिन नसकिएको अवस्था छ । सन् २०२६ नोभेम्बर २४ मा नेपाल अल्पविकसित मुलुकबाट स्तरोन्नति हुँदै छ । अल्पविकसित मुलुकको दर्जामा रहँदा प्राप्त गरेका सेवा, सुविधा, छुट, सहुलियतको भरपुर उपयोग गर्न नसकिरहेको अवस्थामा स्तरोन्नतिपश्चात् नयाँ चुनौतीहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्दै अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने संस्था र शासन प्रणालीको विकासमा व्यावहारिक रणनीति आवश्यक देखिएको छ । राष्ट्रहितका यी र यस्तै विषयमा हरेक पल छलफल एवं सुधारको प्रयास हुने वातावरणको सिर्जना नेतृत्व तहबाट हुनु पर्छ ।

दीर्घकालीन योजना बनाएर मात्र हुँदैन, त्यसलाई सिलसिलेबार रूपमा कार्यान्वयन गर्न आवधिक योजना, मध्यकालीन खर्च संरचना, वार्षिक बजेट तथा कार्यक्रम सँगसँगै परियोजना बैङ्कको सबल कार्यान्वयनसमेत अनिवार्य हुन्छ । यति मात्र होइन राष्ट्रिय लक्ष्य प्राप्तिमा प्रदेश र स्थानीय तहको जिम्मेवारी तथा अन्तरसरकारी वित्त हस्तान्तरणसँगै उपराष्ट्रिय सरकारका योजनाहरूको संघीय योजनासँग के कस्तो तालमेल हुनु पर्छ भन्ने प्रस्ट व्यवस्था गरिनु पर्छ । अन्यथा विकास प्रयास अधुरो यात्रा जस्तै हुन पुग्छ । यसका लागि नेतृत्वमा नीति र नतिजाबिचको सङ्गति, बोली र व्यवहारबिच तालमेल, प्रियतम योजना र परियोजना बैङ्कबिच एकीकरण साथै आवश्यकता र आर्थिक अवस्थाको यथार्थपरक विश्लेषण गर्न सक्ने विशिष्ट क्षमताको आवश्यकता हुन्छ ।

भइरहेका व्यवस्थाको निरन्तरतामा क्रमभङ्गता गर्ने हिम्मत जसको रहँदैन, विकृति, विसङ्गति, दण्डहीनता र भ्रटाचारको विरुद्धमा खरो उत्रिन चाहँदैन, प्रशासनमा सुशासन र राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्रको सबलीकरणमा ध्यान जाँदैन भने त्यस्तो नेतृत्वको कुनै अस्तित्व रहँदैन ।

संघ, प्रदेश र स्थानीय तहको नेतृत्वमा रहने जोकोही किन नहोस् परिवर्तन, प्रविधिको प्रयोग र नवप्रवर्तनमार्फत आफ्नो क्षेत्राधिकारभित्र सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा सरलता र सहजता, विकास निर्माणमा राज्यस्रोतको मितव्ययी प्रयोग हुने व्यवस्थाको सुनिश्चित गर्न सक्नु पर्छ । जापानले दोस्रो विश्वयुद्धपछि अवलम्बन गरेको विकास रणनीति 'आइरन ट्र्याङ्गल' जस्तै मुलुकको समग्र विकासका लागि राजनीति, प्रशासन र निजी क्षेत्रको संयुक्त प्रयासमा जोड दिनु पर्छ ।

सामान्य व्यक्तिको जस्तो नभई नेतृत्व तहमा रहने व्यक्तिको ओज, महत्व र प्रभाव विश्वभर फैलिन्छ । विषयवस्तुको गाम्भीर्यतालाई ध्यानमा राखेर विचार व्यक्त नगर्दा त्यसले व्यक्तिगत मात्र नभई मुलुकको साखमा नै आँच आएका उदाहरण धेरै छन् । आफू र आफू आबद्ध दल मात्र ठिक अरू सबै खराब भन्ने कुरा नेतृत्वदायी भूमिकामा रहने पदाधिकारीमा बोलीबाट होइन व्यवहार र सुधारले पुष्टि गर्ने हिम्मत हुनु पर्छ । नागरिकमा बाँडेका चुनावी आश्वासनलाई कार्यान्वयन तहमा पुऱ्याउन चुक्ने, सुधारको विन्दु पनि पहिल्याउन नसक्नेले अरूलाई भुक्ने, गलतलाई गलत हो भन्न नसकी शक्तिको आडमा झुक्ने नेताको प्रवृत्तिले मुलुकलाई दिशानिर्देश गर्न कदापि सक्दैन ।

जिम्मेवारीमा रहने शासक वर्गमा मुलुकको अवस्था, आवश्यकता, नागरिक अपेक्षा र आगामी कार्यदिशाको बोध भई अन्तस्करणबाट परिवर्तन गर्ने हुटहुटी र प्रयत्न हुनु पर्छ । नागरिकको अभिमत बटुलेर सत्तामा पुगेपछि प्राप्त गरेको शक्तिको दुरुपयोग हुन नदिन सचेत र संयमित हुन सक्नु पर्छ । शासन सञ्चालनको बागडोर समाल्ने अवसर जीवनमा बिरलै मात्र प्राप्त हुने र नागरिकको आड भरोसा शासकीय पात्रको कर्ममा भर पर्ने भएको हुँदा नागरिकलाई केन्द्रमा राखी कम्तीमा पनि आफ्नो व्यवहारलाई आफैँले धिक्कार्ने अवस्थाको सिर्जना नहोस् भन्नेमा शासक वर्ग सचेत हुनु पर्छ ।

# च्याम्पियन्सहरूको प्रतिस्पर्धामा च्याम्पियन बन्न सफल झापा ११



• केशव भट्टराई

कहिलेकाहीँ जीवनमा यस्तो खुसीको पल आइदिन्छ,जुन खुसीले बितेका समयको निराशाको धब्बाहरुलाई सर्लक्क मेटाइदिन्छ। अप्ठ्यारा र असजिला अवरोधहरूलाई निस्तेज बनाएको महसुस हुन्छ। व्यक्ति विशेष वा सानो घेरामा खुम्चिएको समूह विशेषका स्वार्थ केन्द्रित असफल प्रयासहरुलाई कुल्चिएर गन्तव्य केन्द्रित आफ्नो यात्रालाई मार्ग प्रशस्त गरिदिन्छ ।

अझ त्यसमाथि त्यो उल्लासमय क्षणको श्रेय आफ्ना सहयात्रीहरूमा बाँड्न पाइयोस् - त्यसको आनन्द र सन्तुष्टिको उचाई साँच्चै सोचेभन्दा निकै माथि देखिन्छ ।

भारतको सिक्किम सरकारले आयोजना गरेको दशौं चिफ मिनिस्टर गोल्डकप अन्तर्राष्ट्रिय आमन्त्रण फुटबल प्रतियोगिताको उपाधि चुम्न सफल झापा ११ फुटबल क्लबका खेलाडी यसबेला जति खुसी छन्, त्यो भन्दा धेरै हर्षित छन् क्लबका अध्यक्ष जलकुमार गुरुङ ।

पूर्वेली टाइगर नामले समेत चिनिने झापा ११ फुटबल क्लब स्थापनाको एक दशकभित्रै दर्जनौं उपाधिले सुसज्जित भइरहँदा क्लबका संस्थापक गुरुङ यिनै खुसीका क्षणहरुलाई खेलप्रेमीमाझ सँगालेर नेपाली फुटबलको उन्नयनका लागि अझै गतिशील बन्ने योजनामा छन् । क्लब स्थापनाकै वर्ष सन् २०१४ मा एन्फा कप विजेता भनेको झापा ११ फुटबल क्लबले सन् २०१५ मा नेपाल नेशनल लिगमा सहभागिता जनाउन पुग्यो।

समग्र फुटबलको विकासका लागि फुटबलरको क्षमता अभिवृद्धि अनिवार्य छ। राजधानी केन्द्रित क्लब र प्रतियोगिताहरूको दबदबाका बीच गाउँका खेलाडी र क्लब सशक्त बनाउने विषय चानचुने पक्कै थिएन । पैसा र पूर्वाधार दुवैको सीमितताभित्र आफ्नो टिमलाई दर्बिलो बनाउँदै प्रतिस्पर्धी क्लबहरूको चुनौती सामना गर्ने ल्याकत निर्माणका लागि जलकुमार गुरुङको मेहनत र निरन्तरता साँच्चै अनुकरणीय छ, उदाहरणीय छ।

बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालालाई होम ग्राउन्ड बनाएर क्लब र खेलाडीहरूको स्तर वृद्धिमा अहोरात्र खटिएका अध्यक्ष गुरुङ सँधैंभरि सकारात्मक सोचबाट निर्देशित देखिन्छन् । खेल जित्नु या हार्नु महत्वको कुरा होइन - जति महत्व त्यो खेलले खेलाडी र क्लबहरुबीचको आपसी सौहार्दतालाई बढाइरहेको हुन्छ।

खेलाडीको क्षमता अभिवृद्धिसँगै झापालाई नेपाली फुटबलको मूलधारसँग जोड्न गुरुङकै परिकल्पनामा झापा गोल्डकपको प्रारम्भ भयो। त्यो प्रतियोगिताले क्लबलाई विजेताको उपाधि दिलाउन त सकेको छैन तर फुटबलप्रेमीहरूको हृदयमा प्यारो क्लबका रुपमा झापा ११ फुटबल क्लब आजका दिनसम्म बसिरहेको छ।

झापा गोल्डकपको सन् २०१६,०१७, ०१८ र ०१९ को संस्करणमा उपविजेता बनेको लोकप्रिय क्लब झापा ११ फुटबल क्लब विराट गोल्ड कप २०१५ को उपाधि चुम्न भने सफल भएको छ । रेडबुल राष्ट्रिय लिग ए डिभिजन क्लबहरूबीचको सहभागितामा भएको प्रतियोगितामा उत्कृष्ट क्लब दर्ज भएको झापा ११ ले माइभ्याली गोल्डकप, कटारी गोल्डकपसहित भीमनारायण गोल्डकप र मानेभञ्ज्याङ गोल्डकप दार्जिलिङ जस्ता साना - ठुला प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै विजयको ताज पहिरिसकेको छ

खेलकौशल, अनुशासन र राजधानीका सम्पन्न भनिएका पुराना क्लबहरूसँग सशक्त प्रतिस्पर्धा गर्ने तागतकै कारण आज झापा ११ एफसी नेपाल र नेपाल बाहिर पनि लाखौं शुभेच्छुक कमाउन सफल भएको छ ।

सन् २०१६ मा सिक्किम गभर्नर्स गोल्डकपको उपविजेता बनेको यो क्लब यसपटक दशौं अल इन्डिया चिफ मिनिस्टर्स गोल्डकप २०२५ को उपाधि लिएर स्वदेश फर्किएको छ।२० लाख भारतीय रुपैयाँ राशिको यो उपाधिसँगै झापा ११ ले च्याम्पियन्सहरूको बीचमा आफूलाई पूर्वेली टाइगर प्रमाणित गरेको छ। नेपालको सहिद स्मारक लिग विजेता चर्च ब्वाइज युनाइटेडसँगको फाइनल भिडन्तमा आफूलाई शक्तिशाली साबित गरेको छ यसपटक झापाले।

त्यसबाहेक भारतकै दिल्ली , दार्जिलिङसहितका विभिन्न सहरका क्लबहरू र भुटानको प्रतिष्ठित क्लबलाई समेत पछि पार्दै मित्रराष्ट्रको नाम्ची जोर्थाङ रंगशालामा झापा ११ ले यो उपाधि हात पारिरहँदा सिङ्गो झापा र झापा ११ फुटबल क्लबका शुभेच्छुकले गौरव महसुस गरिरहेका छन् । सिक्किमको मात्र नभएर भारतकै प्रतिष्ठित प्रतियोगिताका रूपमा परिचित अल इन्डिया चिफ मिनिस्टर्स गोल्डकपको उपाधिले झापा ११ फुटबल क्लबको खेल यात्रालाई सुदूर भविष्यसम्म जीवन्त बनाउन थप सौर्य प्रदान गरेको अनुभूति नेपाली

❖ बाँकी अन्तिम पृष्ठमा

### बिर्तामोडमा...

त्यस्तै माघ १७ गते प्रतिनिधि सभाका सभामुख देवराज घिमिरले पाँच दिवसीय अनुष्ठानको उद्‌घाटन गर्ने र माघ २० गते जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजबाट विशेष प्रवचनको आयोजना गरिएको कार्यक्रम संयोजक वंशलको भनाई छ ।

माघ १७ देखि २१ गतेसम्म पाँच दिन सञ्चालन हुने अनुष्ठानमा दैनिक भजन कीर्तन तथा महाप्रसाद बितरण गरिने कार्यक्रम तय भएको र दैनिक भजन कीर्तनका लागि नेपाल तथा भारतका चर्चित भजन गायक तथा कलाकारहरुको उत्कृष्ट प्रस्तुति रहने बताइएको छ । भजन कीर्तनका लागि कृष्ण भण्डारी,आयुष शर्मा,साहिल कोहली, धीरज सिंह राजपुत र नेहा सिंह राजपुत सहभागी हुने वंशलले जानकारी दिएका छन् ।

### शिव...

पनि बढ्दै गएको छ । मन्दिर निर्माण गर्नका लागि डिल्लीरामं कमला भट्टराईले दुई कठ्ठा र सरितादेवी न्यौपाने र भिष्म न्यौपानेले दुई कठ्ठा जग्गा दान दिएका थिए । सोही जग्गामा विभिन्न दाताहरुबाट सहयोग संकलन गरी संरचना निर्माण गरिएको शिव पाञ्चायण मन्दिर तथा भजन समितिका सचिव नवराज भट्टराई नवीनले बताए । जग्गादाता डिल्लीराम भट्टराईले आफू अमेरिका घुम्न गएको बेला आफन्तले चिया खान दिएको साढे ५ लाख रुपैयाँले सो मन्दिरमा यज्ञ होमादि कुण्ड बनाइदिएका छन् ।

यसैबीच गुरुकुल संचालन गर्न र मन्दिर घेरावारा गर्न आगामी फागुन ३ देखि शुरु भई महाशिवरात्रिका दिन फागुन १४ गते समापन हुने गरी शिव महापुराण संचालन हुँदैछ । पुराण आयोजना गर्नका लागि मन्दिर समितिका सचिव भट्टराईको अध्यक्षतामा पुराण मूल आयोजक समिति निर्माण गरिएको छ । सो पुराणमा आचार्य पण्डित नारायण कोइराला प्रमुख वाचक रहने भट्टराईले जानकारी दिएका छन् ।यसैबीच अतिरुद्र महायज्ञ संचालन भइरहेको साधुटारमा शिव पाञ्चायण मन्दिर तथा भजन समितिका पदाधिकारी र सदस्यहरुलाई अवलोकन गराइएको बिर्तामोड ८ का वडाध्यक्ष अजय कार्कीले जानकारी दिएका छन् ।


## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पश्चिमः होम बहादुर बुढाथोकीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ९ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री शम्भु शाहले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९०१ ५९१० | ७५, १२४, १२६, १२७ | ४२७. ४९ | २०७९/ १२ /३० | २०८१/ ०२ /०९ | २०८१/ ०८/१० |

## बिमालेख हरायो

उर्लाबारी निवासी मन्जु चापागाईं नाममा रहेको एल.आई.सी. कम्पनीको २०००२३०३६ नम्बरको पोलिसी पेपर उर्लाबारबाट बिराटनगर जाने क्रममा २०८१/०८/०७ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क : मन्जु चापागाईं**
**ठेगाना: उर्लाबारी-७, मोरङ**
**मो : ९८०७०५०८८१**

## बिमालेख हरायो

भद्रपुर निवासी रोशन ढकालको नाममा रहेको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि.को २५२७००१०१ नम्बरको पोलिसी पेपर भद्रपुरबाट चन्द्रगढी जाने क्रममा २०८१/०८/०५ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क : रोशन ढकाल**
**ठेगाना: भद्रपुर-३, झापा**

## बिर्तामोड नगर अस्पताल

बिर्तामोड-३, बिर्ताबजार, झापा

### अस्पतालबाट प्रवाह हुने सेवाको समय तालिका

प्रसूति सेवा — २४ घण्टे, नियमित
इमरजेन्सी सेवा — प्रत्येक दिन, बिहान ७ देखि बेलुका ७ बजेसम्म

### ओ.पि.डी. सेवा

**टिकट काट्ने समय**
आइतबारदेखि बिहीबारसम्म
बिहान ७:०० बजेदेखि दिउँसो १:०० बजेसम्म
शुक्रबार
बिहान ७:०० बजेदेखि दिनको १२:०० बजेसम्म

**ओ.पि.डी. समय**
आइतबारदेखि बिहीबारसम्म
बिहान ७:०० बजेदेखि दिउँसो २:०० बजेसम्म
शुक्रबार
बिहान ७:०० बजेदेखि दिनको १:०० बजेसम्म

### विशेषज्ञ सेवाको समय

| | |
|---|---|
| स्त्रीरोग विशेषज्ञ | प्रत्येक दिन, बिहान ७:०० देखि ५:०० बजेसम्म |
| बालरोग विशेषज्ञ | प्रत्येक दिन बिहान ११:०० देखि दिउँसो १:०० बजेसम्म |
| मनरोग विशेषज्ञ | प्रत्येक दिन बिहान ११:०० देखि दिउँसो १:०० बजेसम्म |
| फिजिसियन | प्रत्येक बुधबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |
| हाडजोर्नी विशेषज्ञ | प्रत्येक बिहीबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |
| सर्जरी | प्रत्येक शुक्रबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |





## सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## श्री गरामनी कृषि सहकारी संस्था लि.

बिर्तामोड-३ झापाको

## निर्वाचन सम्बन्धी सूचना

संस्थाको विनियम २०६३ बमोजिम निर्धारण गरिएका पदहरूमा संचालक समिति र लेखा सुपरीवेक्षण समितिको आगामी ४ बर्षे कार्यकालको लागि यस संस्थाको मिति २०८१/१०/७ गतेको संचालक समितिको बैठकद्वारा गठित निर्वाचन समितिको २०८१/१०/९ गतेको बैठकले तपशिल बमोजिम निर्वाचन कार्यतालिका सार्वजनिक गरिएको छ ।

तपशिल :

| क्र.सं | निर्वाचन कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन | २०८१/१०/२८ | बिहान ११:०० बजे | संस्थाको कार्यालय |
| २. | मतदाता नामावली उपर दावीबिरोध | २०८१/१०/२८ | ११:१५–१२:१५ बजे | |
| ३. | अन्तिम मतदाता नामावली प्रकाशन | २०८१/१०/२८ | दिउँसो १२:३० बजे | |
| ४. | उम्मेद्वारको मनोनयन दर्ता | २०८१/१०/२८ | १२:३०-२:०० बजे | |
| ५. | उम्मद्वारको नामावली प्रकाशन | २०८१/१०/२८ | २:१५ बजे | |
| ६. | उम्मेद्वार उपर दावीबिरोध | २०८१/१०/२८ | २:१५-३ :०० बजे | |
| ७. | पुनः उम्मेद्वारको नामावली प्रकाशन | २०८१/१०/२८ | ३:१५ बजे | |
| ८. | उम्मेद्वारी फिर्ता | २०८१/१०/२८ | ३:१५-३:४५ बजे | |
| ९. | उम्मेद्वारीको अन्तिम नामावली प्रकाशन | २०८१/१०/२८ | ४:०० बजे | |
| १०. | मतदान | २०८१/१०/२९ | १०:००-३:०० बजे | |
| ११. | मतगणना | २०८१/१०/२९ | ४:०० बजेदेखि | |
| १२. | मतपरिणाम घोषणा | पछि सूचना गर्ने | | |

निर्वाचन समिति
श्री गरामनी कृषि सहकारी संस्था लि. बिर्तामोड- ३ झापा

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउने छ ।

**वृष** मनमा दुबिधा उत्पन्न हुनेछ । मतिभ्रष्ट हुने समय छ, सचेत रहनु होला ।

**मिथुन** आज सजिलै अरूको मन जित्न सकिनेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ ।

**कर्कट** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ ।

**सिंह** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला ।

**कन्या** कला र गलाको प्रभाव बढ्नेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**तुला** न्यायिक कार्यमा सफलता मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

**वृश्चिक** आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**धनु** आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज टाउको एवं आँखा दुख्ने समस्या बढ्न सक्छ । मालसामान पनि हराउन सक्छ

**कुम्भ** आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । कला र गलाको प्रभाव बढ्नेछ ।

**मिन** नयाँ ज्ञान सिक्ने मौका र रोजगारको अवसर पनि मिल्नेछ । कार्य क्षेत्रबाट विशेष सफलता